# बीउ बिजन प्रमाणीकरण निर्देशिका, २०७४

(नेपाल सरकारबाट स्वीकृत मिति: २०७४/०७/०६)

**प्रस्तावना** :बीउ बिजन उपयोगकर्ताहरूलाई गुणस्तरीय बीउको आपूर्ति सुनिश्चित गर्न राष्ट्रिय बीउ बिजन समितिबाट अनुमोदन, उन्मोचन, तथा दर्ता (पञ्जीकरण) गरिएका जातहरूको बीउ बिजन उत्पादन, प्रशोधन, र परीक्षण गरी प्रमाणीकरण गर्ने वा यथार्थ सङ्केतपत्र लगाउने कार्यलाई सरल एवम् व्यवस्थित बनाउन आवश्यक देखिएकोले बीउ बिजन नियमावली, २०६९ को नियम ३९ ले दिएकोअधिकार प्रयोग गरी राष्ट्रिय बीउ बिजन समितिले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१)यो निर्देशिकाको नाम “बीउ बिजन प्रमाणीकरण निर्देशिका,२०७४” रहेको छ ।

(२)यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा** :विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा, -

(क) “ऐन” भन्नाले बीउ बिजन ऐन, २०४५ सम्झनु पर्छ ।

(ख) “नियमावली” भन्नाले बीउ बिजन नियमावली २०६९ सम्झनु पर्छ ।

(ग) “गुण नियन्त्रण निकाय” भन्नाले बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र र यसले तोकेका बीउ बिजनको गुणस्तर सम्बन्धी कार्य गर्ने अन्य निकायहरू सम्झनु पर्छ ।

(छ) “भाँडो (कन्टेनर)” भन्नाले बीउ बिजन राख्न प्रयोग गरिने बाकस, टिनको बट्टा, शिशी, थैलो, बोरा, भकारी, ब्यारेल वा अन्य यस्तै बस्तु सम्झनु पर्छ ।

(ज) “प्रजनक (ब्रीडर)” भन्नाले बालीको कुनै जातलाई पहिलो पटक प्रजनन वा छनौट गरी प्रयोगमा ल्याउने व्यक्ति वा समूह सम्झनु पर्छ ।

(झ) “जातीय सम्बर्द्धन”भन्नाले विकसित जातलाई प्रजननकर्ताले निर्धारित विधि अपनाई जातीय शुद्धता कायम रहने गरी संरक्षण गर्ने कार्य सम्झनु पर्छ ।

(ञ) “निस्सा” भन्नाले प्रमाणीकरणको सङ्केतपत्र (ट्याग), सिल, बीउ राखेका भाँडो,बीउ खरीद गरेको बील,आदिलाईसम्झनु पर्छ।

(ट) “बीउ प्रमाणीकरण निकाय” भन्नाले बीउ बिजनऐन,२०४५कोदफा८ तथा बीउबिजन नियमावली, २०६९ को नियम १५ मा उल्लिखित कार्यहरू गर्न अधिकार प्राप्त बीउ बिजन गुणस्तरनियन्त्रण केन्द्र र क्षेत्रीय बीउ बिजन प्रयोगशालाहरू सम्झनु पर्छ।

(ठ) “बीउउत्पादक” भन्नाले ऐन, नियमावली, र बीउबिजन प्रमाणीकरण निर्देशिकाको परिधि भित्र रही अनुमतिपत्र लिएर वा नलिएर बीउ उत्पादन तथा वितरण गर्ने कार्यमा संलग्न व्यक्ति, समूह, सहकारी, संघ,संस्था, वा कम्पनी सम्झनु पर्छ।

## परिच्छेद-२
## बीउ बिजन प्रमाणीकरण र यथार्थ संकेतपत्र सम्बन्धी व्यवस्था

३. **बीउ बिजन प्रमाणीकरण वा यथार्थ संकेतपत्रको ट्याग लगाउनु पर्ने**:(१) बीउ उत्पादन प्रणालीको पूर्ण अवलम्वन गरी बिक्रि वितरण गर्न राखिएको बीउको भाँडोमा प्रमाणीकरण वा यथार्थ संकेतपत्रको ट्याग अनिवार्य रुपमा लगाइएको हुनु पर्छ ।

(२) बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र र क्षेत्रीय बीउ बिजन प्रयोगशालाहरूले बीउ बिजन प्रमाणीकरणको कार्य गर्नेछन् ।

(३) प्रमाणीकरण गरिने बीउ बाली लगाइएको खेत निरीक्षण अनिवार्य रुपमा सरकारीबाली निरीक्षकद्वारा गराउनु पर्नेछ, तर यथार्थ संकेतपत्र लगाइने बीउ उन्नतस्तरको वीउबाली खेत निरीक्षण तथा अन्य प्राविधिक रेखदेख बीउ उत्पादन प्रविधि सम्बन्धी जानकार जो कोहीले गर्न सक्नेछन् ।

(४) केन्द्र र क्षेत्रीय बीउ बिजन प्रयोगशालाहरूबाट गरिने बीउ बिजन प्रमाणीकरण बीउबाली खेत निरीक्षण तथा बीउ बालीको कटानी, चुटानी, दाउनी, प्रशोधन, र भण्डारण प्रक्रियाको निरीक्षण जिल्लामा

तोकिएका बाली निरीक्षकहरूबाट समेत गराउन सकिनेछ, तर उत्पादित बीउको नमूना संकलन गरी परीक्षणको लागि प्रयोगशालामा पठाउने, स्तरभित्र परेको बीउलाई विषादीले उपचार गर्न लगाउने, तथा बीउ राखिएको भाँडोमा हस्ताक्षर सहितको ट्याग लगाउने कार्य केन्द्र वा प्रयोगशालामा कार्यरत प्राविधिक अधिकृतहरूबाटै गराउनु पर्नेछ ।

(५) खडा बाली निरीक्षणको क्रममा खेतस्तरमा न्यूनतम स्तरभन्दा माथि पाइएको बीउको मात्र प्रयोगशालामा परीक्षण गर्न पठाउन नमूना संकलन गरिनेछ ।

(६) प्रयोगशाला परीक्षणबाट प्राप्त प्रतिवेदनमा न्यूनतम स्तरभन्दा माथि पाइएको बीउ राखेको भाँडोमा केन्द्र वा क्षेत्रीय बीउ बिजन प्रयोगशालामा कार्यरत प्राविधिक अधिकृतले प्रमाणीकरणको ट्याग लगाउने छन् ।

(७) यथार्थ संकेतपत्र लगाउने बीउ खडा बाली निरीक्षणको क्रममा स्तरभन्दा माथि पाइएको खण्डमा बीउ नमूना सङ्कलन गर्ने तरीकाका बारेमा पूर्ण जानकार भएको व्यक्तिले विधिपूर्वक नमूना सङ्कलन गरी प्रयोगशालामा पठाउनेछन् र प्रयोगशाला परीक्षणबाट प्राप्त प्रतिवेदनमा न्यूनतम स्तरभन्दा माथि पाइएको बीउ राखेको भाँडोमा सम्बन्धित व्यक्ति वा संस्थाले यथार्थ संकेतपत्रको ट्याग लगाई बिक्री वितरण गर्नेछन् ।

४. **बीउ बिजनका न्यूनतम् स्तरहरूः**प्रमाणीकरण पद्दति र यथार्थ संकेतपत्र पद्दति दुवैमा बीउ बिजनका सामान्यर विशेष गरी दुइवटा मूलभूत स्तरर ती दुइवटा भित्र अन्य स्तरहरू हुनेछन् ।

## परिच्छेद-३
## बीउ बिजनका सामान्य स्तरहरू

५. **प्रमाणीकरण पद्दतिः** (१) यस पद्दतिमा बीउ रोपेदेखि बीउबिजन बिक्री वितरण गर्नु अघिसम्मका प्राविधिक क्रियाकलापहरूः खडाबाली निरीक्षण, कटानी, चुटानी, प्रशोधन, उपचार, भण्डारण, नमुना संकलन, बीउ परीक्षण, थैलाबन्दी,र ट्यागिङ गुण नियन्त्रण निकायको प्रत्यक्ष संलग्नता, नियन्त्रण, र रेखदेखमा सम्पन्न गर्नु पर्छ ।

(२) प्रमाणिकरण पद्दतिमा बीउबिजनका स्तरहरू देहाय बमोजिम हुनेछन् :-

**क. प्रजनन्बीउः**(अ) प्रजनन् बीउ प्रजनकको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा उत्पादनगर्नुका साथै आनुवंशिक हिसावले शतप्रतिशत शुद्ध हुनुपर्छ।

(आ) प्रजनन् बीउ अन्य बालीको बीउ, अन्य जातको बीउ, कुनै पनि झारपातको बीउ, र रोगतथा कीरा लागेको बीउबाटमुक्त हुनु पर्दछ ।

(इ) यस्तो बीउउत्पादन र प्रशोधन भैसकेपछि भण्डारण गर्नु अघि बीउ उत्पादनमा संलग्न प्रजनक, सम्बन्धित बाली अनुसन्धान कार्यक्रमको प्रमुख वा निजले खटाएको प्रतिनिधि, र बीउ प्रमाणीकरण निकायका प्रतिनिधि सम्मिलित समूहले अनुसूचि - १मा उल्लिखित ढाँचा अनुसारको फाराममा संयुक्त रुपमा प्रमाणित गर्नु पर्छ ।

(ई) उप-दफा (२) (आ) बमोजिम प्रमाणित गरिएको बीउ राखिएको भाँडोमा बीउ उत्पादनमा संलग्न प्रजनकको हस्ताक्षर सहितको ट्याग लगाउनु पर्छ ।

**ख. मूलबीउः** (अ) बीउ विशेषज्ञहरूको रेखदेखमा प्रजननबीउबाट उत्पादनगरिएकोबीउलाईमूलबीउभनिन्छ।

(आ) यस्तोबीउको उत्पादन नेपाल कृषि अनुसन्धान परिषद् र अन्तरगतका केन्द्रहरू , सरकारीफार्म/केन्द्र,एवम् केन्द्रबाट मूल बीउ उत्पादन गर्ने अनुमति लिएकाव्यक्ति,संघ,संस्थावानिकायले गर्ने छन् ।

(इ) मूल बीउलाई बीउ प्रमाणीकरण निकायमा कार्यरत प्राविधिक अधिकृतबाट प्रमाणीकरण गराई त्यस्तो बीउ राखिएको भाँडोमा प्रमाणीकरण गर्ने अधिकृतको हस्ताक्षर सहितको ट्याग लगाउनु पर्छ ।

**ग. प्रमाणित बीउः**(अ) बीउविशेषज्ञहरूको रेखदेखमामूलबीउबाट उत्पादन गरिएको बीउलाई प्रमाणित बीउ भनिन्छ ।

(आ) प्रमाणित बीउको उत्पादनसरकारीफार्म/केन्द्र वा केन्द्रबाट मूल बीउ उत्पादन गर्ने अनुमतिपत्र प्राप्त गरेका व्यक्ति,संघ,संस्थावानिकायहरूले गर्ने छन् ।

(इ) प्रमाणित बीउलाई बीउप्रमाणीकरणनिकायमा कार्यरत प्राविधिक अधिकृतबाट प्रमाणीकरण

गराई त्यस्तो बीउ राखिएको भाँडोमा प्रमाणीकरण गर्ने अधिकृतको हस्ताक्षर सहितको ट्याग लगाउनु पर्छ ।

**घ. उन्नत बीउः** (अ) बालीको सेचन प्रकृतिअनुसार मूल वा प्रमाणितस्तरको बीउ प्रयोग गरी बीउ उत्पादक र बीउविशेषज्ञको रेखदेखमा उत्पादन गरिएको बीउलाई उन्नत बीउ भनिन्छ ।

(आ) उन्नत बीउको प्रयोग व्यवसायिक बाली उत्पादनमा गरिनेछ ।

(इ) सामान्यतया खुला सेचित बालीको प्रमाणित बीउबाट उत्पादन गरिएको उन्नत बीउमा यथार्थ संकेतपत्र पद्दति अनुसार उन्नत बीउको ट्याग लगाई बिक्रि वितरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ,

(३) उप-दफा (२) मा उल्लिखित प्रजनन् बीउ, मूल बीउ, प्रमाणित बीउ, र उन्नत बीउ राखिएको भाँडोमा लगाइने ट्यागको ढाँचा र विवरण अनुसूचि-२मा दिइए अनुसार हुनेछ ।

(४) प्रजनन बीउ बाहेक अन्य स्तरका बीउ बिजनको ट्याग बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रले छापी प्रमाणीकरणमा संलग्न हुने सबै निकायलाई उपलब्ध गराउनेछ र त्यस्ता सबै निकायले प्रमाणीकरणमा प्रयोग भएका ट्यागको अध्यावधिक रेकर्ड राखी समय समयमा केन्द्रलाई जानकारी गराउनु पर्नेछ ।

६. **<u>यथार्थ सङ्केतपत्र प्रद्दतिः</u>**(१) प्रमाणीकरण पद्दति अवलम्वन नगरिएको बीउमा यथार्थ संकेतपत्रको ट्याग अनिवार्य रुपमा लगाउनु पर्छ ।

(२) यथार्थ सङ्केतपत्र पद्धतिमा बीउ रोपेदेखि बाली लगाएको खेतको निरीक्षण, कटानी, चुटानी, प्रशोधन, बीउ उपचार, नमुना संकलन, नमुना परीक्षण, थैलाबन्दी, ट्याग लगाउने, तथा भण्डारण गर्ने कार्य बीउ उत्पादक वा बीउ बिक्रेताले आफ्नै व्यवस्थापनमा गरी बीउको गुणस्तर कायम राख्नु पर्छ ।

(३) बीउ बिक्रीमा गई सकेपछि त्यसको गुणस्तर सम्बन्धी सम्पूर्ण जिम्मेवारी ट्याग लगाउने उत्पादक वा बिक्रेताले नै लिनु पर्छ ।

(४) यथार्थ सङ्केतपत्र पद्धतिमा बीउबिजनका स्तरहरू देहाय बमोजिम हुनेछन् :-

**क. प्रजनन्बीउः**(अ) यथार्थ सङ्केतपत्र पद्दतिमाजातीय विकास तथा सम्वर्द्धनको अनुमति लिएको कम्पनी वा संस्थाले प्रजनन् बीउ उत्पादन गर्न पाउने छन् ।

(आ) यस पद्दतिमा जातीय विकाससमासंलग्नप्रजनकले आफ्नै प्रत्यक्ष रेखदेख र नियन्त्रणमा उत्पादनगरेको बीउ प्रजनन् बीउहो । र यस्तोबीउ उत्पादन र प्रशोधन भैसकेपछि भण्डारण गर्नु अघि बीउ उत्पादनमा संलग्न प्रजनक, सम्बन्धित संस्थाको प्रमुख वा निजले खटाएको प्रतिनिधि, र बीउ प्रमाणीकरण निकायका प्रतिनिधि सम्मिलित समूहले अनुसूचि - १मा उल्लिखित ढाँचा अनुसारको फाराममा संयुक्त रुपमा प्रमाणित गर्नु पर्छ ।

(इ) यस पद्दति अनुसार उत्पादित प्रजनन् बीउ पनि आनुवंशिक हिसावले शतप्रतिशत शुद्धहुनु पर्छ।

(ई) प्रजनन् बीउ अन्य बालीको बीउ, अन्य जातको बीउ, कुनै पनि झारपातको बीउ, र रोग तथा कीरा लागेको बीउबाट मुक्त हुनु पर्दछ ।

**ख. स्रोत बीउः**(अ) स्रोत बीउको स्तर प्रमाणीकरण पद्दतिको मूल बीउ सरह हुनेछ र बीउको गुणस्तर सम्बन्धी अन्य कुराहरू मूल बीउ सरह नै हुनु पर्नेछ ।

(आ) जातीय विकास तथा सम्वर्द्धनको लागि अनुमति लिएकावा मूल बीउ उत्पादन गर्ने अनुमति लिएकाव्यक्ति,संघ,संस्था वा निकायले यथार्थ सङ्केतपत्र पद्दति अनुसार उत्पादित प्रजनन् बीउ प्राप्त गरी स्रोत बीउ उत्पादन गर्न सक्ने छन् ।

(इ) अनुमतिलिएकाव्यक्ति,संघ,संस्था वा निकायमा कार्यरत बीउ विशेषज्ञहरूको रेखदेखमास्रोत बीउको उत्पादन गर्नु पर्नेछ ।

**ग. लेवल बीउः** (अ) लेवल बीउको स्तर प्रमाणीकरण पद्दतिको प्रमाणित बीउ सरह हुनेछ र बीउको गुणस्तर सम्बन्धी अन्य कुराहरू प्रमाणित बीउ सरह नै हुनु पर्नेछ ।

(आ) जातीय विकास तथा सम्वर्द्धनको लागि अनुमति लिएकावा मूल बीउ उत्पादन गर्ने अनुमति लिएकाव्यक्ति,संघ,संस्था वा निकायले यथार्थ सङ्केतपत्र पद्दति अनुसार उत्पादित स्रोत बीउ प्राप्त गरी लेवल बीउ उत्पादन गर्न सक्ने छन् ।

(इ) अनुमति लिएकाव्यक्ति,संघ,संस्था वा निकायमा कार्यरत बीउ विशेषज्ञहरूको रेखदेखमा लेवल बीउको उत्पादन गरिनेछ ।

घ. **उन्नत बीउः** (अ) बालीको सेचन प्रकृतिअनुसार मूल, स्रोत, प्रमाणित, वा लेवलबीउबाट बीउ उत्पादकले गुणस्तरका सबै मापदण्ड पूरा गरी आफ्नै रेखदेख र नियन्त्रणमा उन्नत बीउउत्पादन गर्नेछन् ।

(आ) यस पद्दति अनुसार उत्पादित उन्नत बीउको गुणस्तर प्रमाणीकरण पद्दति अनुसार उत्पादित उन्नत बीउ सरह हुनेछ ।

(इ) उन्नत बीउको प्रयोग व्यवसायिक बाली उत्पादनमागरिनेछ ।

(ई) यस पद्दति अनुसार उत्पादित उन्नत बीउमा उत्पादन वा प्रशोधन कार्यमा संलग्न व्यक्ति,संघ,संस्थावानिकायको लोगो वा त्यस्तो निकायमा कार्यरत अधिकारीको दस्तखत भएको ट्याग लगाउनु पर्नेछ ।

(५) उप-दफा (४) मा उल्लिखित प्रजनन् बीउ, स्रोत बीउ, लेवल बीउ, र उन्नत बीउ राखिएको भाँडोमा अनुसूचि - ३मा दिइए अनुसारको विवरण र डिजाइन बमोजिमका भिन्दाभिन्दै ट्याग लगाउनु पर्नेछ ।

## परिच्छेद-४

## बीउ बिजन प्रमाणीकरण प्रक्रिया

७. **निवेदन दिनु पर्नेः** (१)बीउ बिजन प्रमाणीकरण गर्न चाहने व्यक्ति,संस्था,वा निकायले केन्द्र वा सम्बन्धित क्षेत्रीय बीउ बिजन प्रयोगशालामा अनुसूची-४अनुसारको निवेदन(पूर्व जानकारी फाराम) दिनु पर्छ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भैसकेपछि केन्द्र वा सम्बन्धित क्षेत्रीय बीउ बिजन प्रयोगशालाले प्राप्त निवेदनको यथार्थता पत्ता लगाई स्वीकृत वा अस्वीकृत गर्नु पर्छ र सो को जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्छ ।

(३) निवेदन स्वीकृत भएका व्यक्ति,संस्था,वा निकायको बीउ बिजन प्रमाणीकरण निम्नानुसार गर्नु पर्छ :-

क. निरीक्षणगर्नुपर्नेस्थानरजग्गायकीन गर्ने।

ख. बीउको निस्सा हेरीस्रोतबीउकोस्तररउपलब्ध गराउने निकाय पहिचानगर्ने।

ग. बीउ बाली खेतनिरीक्षणगर्नेसमयरनिरीक्षणकोलागिप्राविधिकतोक्ने।

घ. बीउ बाली खेत निरीक्षणबीउ विजन गुण नियन्त्रण निकायका वा जिल्लामा कार्यरत बाली निरीक्षकबाट गराउने गरी तोकिएको खण्डमा सम्बन्धित बाली निरीक्षक, सम्बन्धित जिल्ला कृषि विकास कार्यालय, तथा प्रमाणीकरण गराउने किसानलाई छिटो साधनद्वारा जानकारी दिने ।

ङ. निवेदन दर्ता गर्ने कार्यालयमा कार्यरत प्राविधिक अधिकृतवा जिल्लामा कार्यरत बाली निरीक्षकले आवश्यकता अनुसारखेतनिरीक्षणगरी खडाबालीको मूल्याङ्कनगर्ने र न्युनतम् स्तरभित्र परेकोलाई खेतको स्तर पूरा गरेको सिफारिस गर्ने ।

च. बीउबालीकटानी,चुटानी,र प्रशोधन कार्यको निरीक्षणखडा बाली निरीक्षणमा संलग्न बाली निरीक्षकबाटै गराउने।

छ. खण्ड ङ. र च मा उल्लिखित कार्य यदि जिल्लामा कार्यरत बाली निरीक्षकबाट गराइएको छ भने निरीक्षण भएको सात दिन भित्र प्रतिवेदन प्राप्त गरी मूल्यांकन गर्ने व्यवस्था मिलाउने ।

ज. बाली काट्ने, चुट्ने, सुकाउने, र प्रशोधन गर्ने काम सम्पन्न भैसकेपछि प्रमाणीकरणको लागि दिएको निवेदन स्वीकृत गर्ने कार्यालयमा कार्यरत प्राविधिक अधिकृतले बीउकोलटनिर्धारण गरी थुप्रोबाट नमुनालिईपरीक्षण गर्न पठाउने।

झ. बीउ बाली खेत निरीक्षण र बीउ परीक्षण प्रतिवेदनबाट स्तर भित्र देखिएका लटको बीउ विषादीले उपचार गर्न लगाई उपचार पश्चात नमूना लिईपरीक्षणकालागिपुनः प्रयोगशालामापठाउने । नमूना परीक्षणको नतिजाले बीउ स्तरभित्रै देखिएमा प्रमाणीकरणकोट्यागलगाई बोरासिलबन्दी गर्ने ।

ञ. बीउ प्रमाणीकरण गर्नेनिकायले सामान्य अवस्थामा बीउ प्रमाणीकरण गरेको कागजात २ वर्षसम्म सुरक्षित राख्ने ।

ट. बीउ प्रमाणीकरण गर्ने निकायमा कार्यरत अधिकृतले प्रमाणीकरण गरेकोबीउ राखिएको भण्डारको समय समयमा निरीक्षण गरी सम्बन्धित पक्षलाई सुझावदिने ।

८. **बीउकोनिस्सा राख्नु पर्ने:** बीउ प्रमाणीकरणको लागि निवेदन दिने बीउ उत्पादकले बीउ बालीको प्रथम खेतनिरीक्षणको लागि आउने बालीनिरीक्षकलाई बीउ उत्पादन गर्न प्रयोग गरेको स्रोतबीउको स्तर यकीन गर्न आफूले प्रयोग गरेको बीउको ट्याग वा सोकोनिस्सा स्वरुप बीउ खरीद गरेको बील, बीउको थैला, थैलामा लगाइएको ट्याग जस्ता प्रमाण देखाउनुपर्छ।

९. **प्रमाणीकरण गर्ने बीउ लगाउने क्षेत्रफल:** (१) प्रमाणीकरणको लागि बीउलगाउने क्षेत्रफलको अधिकतम सीमा हुने छैन, तर न्यूनतम क्षेत्रफलको सीमादेहायबमोजिमतोकिएको छ :-

| बाली | क्षेत्रफलको न्यूनतम सीमा | |
|---|---|---|
| | तराई | पहाड |
| खाद्यान्न तथा नगदे बाली | १.०० हेक्टर (१.५० बिगाहा) | ०.२५ हेक्टर (५ रोपनी) |
| तरकारी बाली | ०.२५ हेक्टर (७.५० कट्ठा) | ०.१० हेक्टर (२ रोपनी) |
| घाँसे बाली | ०.५० हेक्टर (१५.०० कट्ठा) | ०.१५ हेक्टर (३ रोपनी) |

(२)उप-दफा (१) मा उल्लिखितक्षेत्रफलको न्यूनतम सीमा प्रजनन बीउको हकमा लागू हुने छैन ।

(३) उप-दफा (१) मा उल्लिखित क्षेत्रफल एकजना किसानको वा एकभन्दा बढी किसानको चक्ला पनि हुन सक्छ, तर एकै किसिमको जमिनमा एकै जातको एकै स्तरको बीउ एकै समयमा लगाएको हुनु पर्छ ।

(४) एकै स्थानको बिभिन्न प्लटमा बीउ लगाइएको छ भने दुईवटा प्लट विचको दूरी ५० मिटरभन्दा बढी हुनु हुँदैन ।

१०. **बीउबाली खेत निरीक्षण:** (१)बीउ प्रमाणीकरण गर्ने निकायलेदफा ७ को उप-दफा (३) बमोजिम निवेदन स्वीकृत भैसकेपछि तोकिएका बाली निरीक्षकबाटअनुसूची-५ मा उल्लिखित विधि अवलम्बन गरी खेत निरीक्षणगराउनुपर्छ।

(२) खेत निरीक्षणमा बीउ बालीको शुद्धता, बीउको स्वास्थ्य र बीउको गुणस्तरमा प्रभाव पार्ने अन्य तत्वहरूको मूल्याङ्कन गरिनेछ ।

(३) विभिन्न बालीको लागि परिच्छेद- ५ मा उल्लिखित बीउ प्रमाणीकरणको न्युनतम् स्तर अनुसार तोकिएको समय र पटकमा बीउ बाली निरीक्षण गरिनेछ ।

(४) बीउ बाली लगाइएकोखेतको अन्तिम भन्दा अगाडिका निरीक्षणमाअनुसूची-६, मकै बालीको दोस्रो निरीक्षणमा अनुसूची-७, मकै बाहेक अन्य सबै बालीकोअन्तिम निरीक्षणमा अनुसूची-८, र घाँसेबालीको निरीक्षणमा अनुसूची-९ बमोजिमका फारामहरू प्रयोग गर्नु पर्छ ।

(५) बीउ बाली खेत निरीक्षणको क्रममा उपयुक्त निरीक्षण फाराम भरी सोको एक प्रति बीउ उत्पादक वा निजको प्रतिनिधि, बीउ उत्पादन गराउने निकाय, र बीउ बिजन प्रमाणीकरण गर्न स्वीकृति दिने निकायमा पठाई एक प्रति बाली निरीक्षक स्वयम्ले राख्नु पर्छ ।

११.**पुन:निरीक्षण:**(१) बीउबालीखेतनिरीक्षणकोअन्तिममूल्याङ्कनबाटबीउबाली स्तर भित्र पाइएन, तरबालीनिरीक्षकलाई खेतमा पुनः रगिङ्गगरीस्तर भित्रआउनसक्छभन्ने लागेमा बीउउत्पादकलाई सोही जानकारी दिनु पर्छ ।

(२) उप-दफा (१) बमोजिमको अवस्थामा बीउउत्पादकले बाली निरीक्षकले दिएका सुझाव तुरुन्त कार्यान्वयन गरी बाली निरीक्षकलाई पुनः निरीक्षण गरी दिन अनुरोध गरेमा बीउ उत्पादकसंगको समन्वयमा बाली निरीक्षकले एक पटकसम्म पुनः निरीक्षण गर्न सक्नेछन् ।

(३) पुनः निरीक्षणको क्रममा बाली निरीक्षकले दफा १० को उप-दफा (४) मा उल्लिखित अन्तिम निरीक्षण फाराम भर्नु पर्नेछ ।

**१२.बालीकटानी,चुटानी,र ढुवानी गर्नेः**(१) बीउबालीखेत निरीक्षणबाट स्तर भित्र परेकोबीउबालीकोकटानी,चुटानीएवम्बीउप्रशोधन कारखानासम्म ढुवानी गर्ने कार्यबाली निरीक्षण गर्ने प्राविधिकको सुझावअनुसारगर्नुपर्छ ।

(२) बीउ बालीकोकटानी,चुटानी, ढुवानीएवम्प्रशोधनकार्यमा उत्पादकको असावधानीलेबीउको गुणस्तर बिग्रनगएमा बाली निरीक्षकले प्रमाणीकरणको बाँकि काम स्थगन गरी उत्पादक तथाबीउ बिजन प्रमाणीकरणको निवेदन स्वीकृत गर्ने कार्यालयलाई जानकारी गराउन सक्छ ।

**१३. बीउप्रशोधनरप्याकेजिङ्गकोसमयसारिणी तयार गर्नेः** (१) बीउप्रमाणीकरणमा संलग्न बाली निरीक्षकले सम्बन्धितबीउ प्रशोधन तथा प्याकेजिङ्गकर्तासँग छलफल गरी बीउलाईसफागर्ने,सुकाउने,केलाउने,विषादीले उपचार गर्ने, नमुना संकलन गरी प्रयोगशालामा पठाउने,व्यागिङ्ग, र ट्यागिङ्ग गर्ने कामकोसमयसारिणी तयार गर्नु पर्छ ।

(२) उप-दफा (१) बमोजिम तयार गरिएको समयसारिणी सम्बन्धित सरोकारवाला र प्रमाणीकरणको निवेदन स्वीकृत गर्ने निकायलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) उप-दफा (२) मा उल्लिखित समयसारिणी अनुसार बीउप्रमाणीकरण गर्ने निकायमा कार्यरतबाली निरीक्षकले आफ्नै रेखदेखमा बीउ प्रशोधन गर्न लगाउने, प्रशोधित बीउबाट आफैले नमूना संकलन गरी परीक्षण गर्न पठाउने, परीक्षणबाट स्तरभित्र परेको बीउ व्यागिङ्ग गर्न लगाई प्रमाणीकरणको ट्याग लगाउनु पर्छ ।

**१४. बीउकोलट बनाउनेः**भौतिक रूपमासमानरअरूगुणस्तरमाएकरूपताभएकोबीउकोबीउबिजनको नमुना सङ्कलन गर्ने कार्यविधि, २०७३ को दफा ३ को उप-दफा (५) मा उल्लेख भएबमोजिम लट बनाइनेछ।

**१५. बीउ मिसाउने अनुमति दिन सक्नेः**बीउप्रमाणीकरणनिकायमा कार्यरत बाली निरीक्षकलेदेहायको अवस्थामा प्रारम्भिक सरसफाई (प्रिक्लिन) गरेर राखेकोबीउएकैठाउँमामिसाई एउटा लट बनाउन अनुमतिदिन सक्नेछः-

क. बाली,जातरस्तरसमानभएको।

ख. एकैजलवायु,एकैठाउँ, र एकै समयमाउत्पादनभएको।

ग. उहीउत्पादकको बिभिन्न प्लटमा उत्पादन गरिएको वा एकभन्दा बढी किसानहरूले समूह वा सहकारीमा आवद्ध भई सामूहिक रुपमा उत्पादन गरेको ।

घ. आफैलेबीउ बाली खेत निरीक्षण तथा कटानी, चुटानी, र प्रशोधनको अनुगमन गरेको।

ङ. जातीय तथा भौतिक शुद्धता, चिस्यान, र उमारशक्ति तोकिएको सीमाभित्रभएको।

**१६. बीउकोनमूना संकलन तथा परीक्षणः**(१)प्रमाणीकरण गर्ने बीउकोहरेकलटबाटकम्तिमापनिदुईपटकबीउबिजनको नमुना सङ्कलन गरी परीक्षणकोलागिपठाउनुपर्छ।

(२) प्रशोधन स्थलमा ल्याई पुऱ्याइएको बीउलाई राम्रोसंग सुकाई चिस्यानको मात्रा घटाई सके पछि प्रारम्भिक सरसफाई (प्रिक्लिन) गरी त्यसबाट बीउ प्रमाणीकरण निकायमा कार्यरत बाली निरीक्षकले विधिपूर्वक पहिलो नमुना लिई चिस्यान, भौतिक शुद्धता, र उमारशक्ति परीक्षणको लागि प्रयोगशालामा पठाउनु पर्छ ।

(३)उप-दफा (२) बमोजिम परीक्षणको लागि पठाइएको बीउ स्तरभित्रै परेको प्रतिवेदन प्रयोगशालाबाट प्राप्त भएको खण्डमा सो बीउलाई प्रमाणीकरणका बाँकी कामहरू गर्ने गरी सुरक्षित भण्डारण गर्न लगाई स्तरभित्र नपरेको बीउ खायनमा पठाउन सिफारिश गर्नु पर्छ, तर स्तरभित्र पर्न नसकेको बीउ पुनः प्रशोधन गर्दा स्तरभित्र पर्न सक्छ भन्ने बाली निरीक्षकलाई लागेमा पुनः प्रशोधनको सिफारिश गर्नु पर्छ ।

(४) बीउ पुनः प्रशोधन गर्न सम्बन्धित उत्पादनकर्ता वा प्रशोधनकर्ता राजी भएमा उप-दफा (२) मा उल्लिखित विधि अवलम्वन गरी नमुना लिने र नमूना परीक्षणको लागि प्रयोगशालामा पठाउने कार्य पुनः गर्नु पर्छ ।

(५)उप-दफा (४) बमोजिम पठाइएको बीउ नमुना परीक्षणको नतिजा स्तरभित्र पाइएको खण्डमा सो बीउलाई प्रमाणीकरणका बाँकी कामहरू गर्ने गरी सुरक्षित भण्डारण गर्न लगाई स्तरभित्र नपरेको बीउ खायनमा पठाउन सिफारिश गर्नु पर्छ ।

(६) पहिलो नमुना परीक्षणबाट स्तरभित्र परी भण्डारणमा राखिएको बीउलाई बजारमा पठाउनु अगाडी सफा गर्ने, गेडिङ्ग गर्ने, तथा विषादीद्वारा उपचार गर्ने कार्य गर्न लगाई बीउ प्रमाणीकरण निकायमा कार्यरत

बाली निरीक्षकले विधिपूर्वक दोस्रो नमुना लिई चिस्यान, भौतिक शुद्धता, र उमारशक्ति परीक्षणको लागि प्रयोगशालामा पठाउनु पर्छ ।

(७)उप-दफा (६) बमोजिम पठाइएको बीउ नमुना परीक्षणको नतिजा स्तरभित्र पाइएको खण्डमा सो बीउलाई थैलाबन्दी तथा ट्यागिङ्गको चरणमा लग्नु पर्छ ।

**१७. विषादीद्वाराबीउ उपचार गर्नु पर्ने:** (१)प्रमाणीकरण गरिने जुनसुकैबालीको प्रजनन,मूल, र प्रमाणितस्तरकोबीउलाईसिफारिसगरेको रोगनाशकवाकीटनाशकविषादीलेउपचारगर्नुपर्छ, तर उन्नत बीउको उपचारआवश्यकताअनुसारगर्नसकिनेछ।

(२)उपचार गरी राखिएको बीउको भाँडोमा बीउ उपचारित छ भनी अनिवार्य रुपमा लेख्ने र उपचार गरिएको विषादीको नाम र मात्रा समेत प्रष्टसंग देख्ने गरी लेख्नु पर्छ ।

**१८. थैलाबन्दी गर्ने,प्रमाणीकरणको ट्यागलगाउने,रसिलगर्ने:** (१) दफा १६ को उप-दफा (७) बमोजिम स्तरभित्र देखिएको बीउको लटमाबीउउत्पादक वा प्रशोधनकर्तालेबीउ प्रमाणीकरणनिकायमा कार्यरत बाली निरीक्षकको निर्देशन र रोहवरमाथैलाकोमुखतिरबाहिरबाट प्रष्टदेखिनेकिसिमलेअनुसूचि - २मा दिइए अनुसारको विवरण र डिजाइन भएको स्तर अनुसारकोप्रमाणीकरणको ट्यागराखीसिलाईगर्नु पर्छ।

(२)प्रमाणीकरणको ट्यागमा प्रमाणीकरण गर्ने निकायको छाप र प्रमाणीकरण गर्ने निकायमा कार्यरत बाली निरीक्षककोहस्ताक्षर हुनु पर्छ ।

(३)सम्बन्धित बाली निरीक्षकले प्रमाणीकरणको क्रममा प्रयोग भएका ट्यागकोरेकर्डराख्नुपर्छ।

(४)बीउराख्नेभाँडोकुनै नोक्सान वा टुटफुट नभएको,बलियो,टिकाउ,नयाँ, रबीउलाई लामो समयसम्म सुरक्षित राख्न सक्ने हुनुपर्छ।

**१९.बीउको जातीय शुद्धता परीक्षण गर्न सकिने:**बीउप्रमाणीकरणमा संलग्न बाली निरीक्षकलाई कुनैबीउकोजातीय शुद्धतामाशङ्कालागेमानजिककोबीउपरीक्षणप्रयोगशालाको सहयोगमाग्रोआउटपरीक्षणवा डिएनए परीक्षण गरी शंका निवारण गर्न सकिनेछ ।

**२०. तोकिएकोभन्दातल्लोस्तरमाराख्न सकिने:**यदिकुनैबीउकोखडाबालीवालटतोकिएकोस्तर भित्र परेन,तरसोभन्दातल्लोस्तरको मापदण्ड पूरा हुने देखियो तथा सम्बन्धित बीउ उत्पादकले तोकिएको भन्दा तल्लोस्तरमाराखी दिनलिखितअनुरोधगरेका छन् भने बीउ प्रमाणीकरणनिकायलेउक्त बीउलाई तोकिएको भन्दा तल्लोस्तरमा कायम गरी दिन सक्छ।

**२१. उन्नत बीउको गुणस्तर:** उन्नत बीउको गुणस्तर सम्बन्धी मापदण्ड तोकिएका विषयमा तोकिए बमोजिम र नतोकिएका विषयमा प्रमाणित बीउ सरह हुनेछ ।

**२२.प्रमाणीकरणबाट बीउ अस्वीकृत गर्न सकिने:**(१) खडाबीउबालीवाबीउकोलटनिर्धारितस्तरभित्र नदेखिएमाबीउप्रमाणीकरण निकायलेउक्तबीउबालीवाबीउकोलटकोप्रमाणीकरणअस्वीकृतगर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको अस्वीकृति उत्पादकलाई चित्त नबुझेको खण्डमा उत्पादकले बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रका प्रमुख समक्ष उजुरी दिन सक्नेछन् ।

(३) उपदफा (२) बमोजिम दिइएको उजुरीमा बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रका प्रमुखले गरेको निर्णय अन्तिम हुनेछ ।

**२३. यथार्थ संकेतपत्र पद्दति अनुसार उत्पादन गरिने बीउको गुणस्तर:** यथार्थ संकेतपत्र पद्दति अनुसार उत्पादन गरिने प्रजनन् बीउ, स्रोत बीउ, लेवल बीउ, र उन्नत बीउको गुणस्तर सम्बन्धी मापदण्ड प्रमाणीकरण पद्दति अनुसार उत्पादन गरिने क्रमशः प्रजनन् बीउ, मूल बीउ, प्रमाणित बीउ, र उन्नत बीउ सरह हुनेछ र मापदण्ड अनुसार बीउ उत्पादन भए नभएको बिभिन्न निकायमा कार्यरत बाली निरीक्षक तथा अन्य प्राविधिकहरूबाट अनुगमन गरिनेछ । साथै प्रमाणीकरण गरिने वा सो सरहको यर्थातसंकेतपत्र पद्धति अनुसारकास्तरको वीउ रोग तथा किराको प्रकोपबाट मुक्त भएको हुनुपर्छ ।

२४. **बीउ बिजन प्रमाणीकरणको म्याद थप**:(१) एक पटक प्रमाणीकरण गरेको बीउ प्रयोगशालामा परीक्षण गरेको मितिले ६ महिनाभन्दा पछाडी बिक्री वितरण गर्नु परेमा प्रमाणीकरणको म्याद थप गर्नु पर्नेछ ।

(२) बीउ प्रमाणीकरणको म्याद थप गर्नका लागि पहिले बीउ परीक्षण गरेको म्याद सकिनु अघि नै सम्बन्धित बीउ बिक्रेताले आफ्नो नजिकको बीउ प्रमाणीकरण गर्ने निकायमा निवेदन दिनु पर्छ ।

(३) उपदफा (२) अनुसार दिइएको निवेदनमा बालीको नाम, बीउको स्तर, लटमा भएको जम्मा बीउको परिमाण, मौज्दात बीउको परीमाण, लट सङ्ख्या, बीउ राखेको भाँडोको आकार प्रकार, बीउ प्रमाणीकरण गरेको मिति खुलाइएको हुनु पर्छ ।

(४) बीउ प्रमाणीकरण निकायले प्रमाणीकरणको म्याद बढाउन पेश गरिएको निवेदन प्राप्त गरेपछि बीउ राखेको भाँडोमा लगाइएको सङ्केतपत्र र सिल दुरुस्त छ/छैन हेर्नुपर्छ र सिल दुरुस्त पाइएको खण्डमा नियमानुसार नमूना झिकी तोकिएको बीउ परीक्षण प्रयोगशालामा भौतिक शुद्धता, उम्रनेशक्ति, र चिस्यानको अवस्था परीक्षण गर्न पठाउनुपर्छ ।

(५) उपदफा (४) अनुसार पठाइएको नमुना परीक्षणको नतिजाले बीउ निर्धारित स्तर भित्रै देखियो भने बीउ प्रमाणीकरण निकायले पुनः परीक्षण गरेको मितिले ६ महीनासम्मका लागि प्रमाणीकरणको म्याद थप गर्न सक्नेछ ।

(६) बीउ राखिएको भाँडोमा भएको सङ्केतपत्रमा बीउ परीक्षण गरेको मिति र म्याद थप गरेको समय रबर स्टाम्पद्वारा जनाउनु पर्छ,तर बीउ राखिएको पुरानो भाँडो दुरुस्त अवस्थामा नभई फेर्नुपर्ने र नयाँ सङ्केतपत्र लगाउनु पर्ने भएमा अगाडि लगाइएको सङ्केतपत्रमा लेखिएका सबै विवरणहरू नयाँ सङ्केतपत्रमा पनि जनाई म्याद थप सम्बन्धी प्रक्रियाको टिपोट राख्नु पर्छ ।

२५.**बीउभण्डारनिरीक्षण गर्न सक्नेः** बीउप्रमाणीकरणनिकायकोसम्बन्धितपदाधिकारीलेबीउप्रमाणीकरणगराएकोकुनैपनि व्यक्ति,संघ,संस्था,वा कम्पनीको बीउभण्डार निरीक्षण गर्नसक्नेछरबीउभण्डारणनिरीक्षण प्रतिवेदन अनुसूचि -१० अनुसार दिनेछ ।

## परिच्छेद-५
## बीउ बिजनका विशेष स्तरहरू

**खाद्यान्न बाली**

२६. **धानः** (१) स्वेच्छिकबोटबिरुवानआउनेजग्गाछनौटगर्नुपर्छ।

(२) खेत निरीक्षण कम्तिमा दुई पटक गर्नु पर्छ ।

क. पहिलोनिरीक्षणबालानिस्किसकेपछिगर्नु पर्छ।

ख. दोस्रोनिरीक्षणबालीपाकी सकेपछि,तरकाट्नुअघिगर्नु पर्छ ।

(३) खेतमा खडा बालीको न्यूनतम्स्तर देहाय बमोजिम हुनु पर्नेछ :-

क. धान बालीको लागि पृथकता दूरी निम्नानुसार हुनु पर्नेछ ।

| विवरण | न्यूनतम्दूरीमिटरमा | |
|---|---|---|
| | मूल | प्रमाणित |
| बीउउत्पादनगरिनेखेतदेखि अर्कोजातलगाएकोखेतसम्मवा जातीयशुद्धतानभएको उही जातलगाएकोखेतसम्मको दूरी | ३ | ३ |

ख. खडा बीउ बालीमा बेजात बोट, रोगी बोट, र जंगली धानको अधिकतम् प्रतिशत निम्नानुसार तोकिएको छ ।

| बाली | बेजातको बोट प्रतिशत अधिकतम् | | रोगी बोट प्रतिशत अधिकतम् | | जंगली धान प्रतिशत अधिकतम् (*Oryza sativa* L. var. *fatua* Prain/ Syn. *O.s.* L.f. *spontanea* Rosch) | | निषेधित रोग |
|---|---|---|---|---|---|---|---|
| | मूल | प्रमाणित | मूल | प्रमाणित | मूल | प्रमाणित | |
| धान | ०.०५ | ०.२० | ०.२० | ०.५० | ०.०५ | ०.१ | नेकब्लाष्ट |

ग. धानमा जङ्गलीधान(*Oryzasativa* L.var *fatua*prain)लाईनिषेधितझार मानिएको छ ।

(४)प्रयोगशाला परीक्षणबाट प्राप्त बीउको गुणस्तरको न्यूनतम् हद निम्नानुसार तोकिएको छ ।

| विवरण | बीउको स्तर | परीमाण |
|---|---|---|
| भौतिक शुद्धता न्यूनतम् (प्रतिशत) | मूल र प्रमाणित | ९८ |
| निष्कृय पदार्थ अधिकतम् (प्रतिशत) | मूल र प्रमाणित | २ |
| अन्य बालीको बीउ अधिकतम् | मूल | १० |
| (दाना प्रति केजीमा) | प्रमाणित | २० |
| निषेधितझारपातको बीउ अधिकतम् | मूल | २ |
| (दाना प्रति केजीमा) | प्रमाणित | ५ |
| पहिचान गर्न सकिने सोही बालीको अन्य जातको बीउ अधिकतम् | मूल | १० |
| (दाना प्रति केजीमा) | प्रमाणित | २० |
| उम्रनेशक्ति न्यूनतम् (प्रतिशत) | मूल र प्रमाणित | ८० |
| चिस्यान अधिकतम् (प्रतिशत) - साधारण भाँडोमा राख्दा | मूल र प्रमाणित | १३ |
| - चिस्यान नछिर्ने भाँडोमा राख्दा | मूल र प्रमाणित | ८ |

| | | |
|---|---|---|
| भौतिक शुद्धता न्यूनतम् (प्रतिशत) | उन्नत | ९७ |
| उम्रनेशक्ति न्यूनतम् (प्रतिशत) | उन्नत | ८० |

२७. <u>गहुँ, जौ, र उवाः</u> (१)स्वेच्छिकबोटबिरुवानआउनेजग्गाछनौटगर्नु पर्छ।

(२) खेत निरीक्षण कम्तिमा दुई पटक गर्नु पर्छ ।

क. पहिलोनिरीक्षणबालानिस्किसकेपछिगर्नु पर्छ।

ख. दोस्रोनिरीक्षणबालीपाकी सकेपछि, तरकाटनु अघिगर्नु पर्छ ।

(३) खेतमा खडा बालीको न्यूनतम्स्तर देहाय बमोजिम हुनु पर्नेछ :-

क. माथि उल्लिखित बालीहरूको लागि पृथकता दूरी निम्नानुसार हुनु पर्नेछ ।

| **विवरण** | **न्यूनतम्दूरीमिटरमा** | |
|---|---|---|
| | **मूल** | **प्रमाणित** |
| बीउउत्पादनगरिनेखेतदेखि अर्कोजात, वाजातीयशुद्धता नभएको उही जात लगाएकोअर्को खेतसम्मको दूरी | ३ | ३ |
| कालोपोकेलागेकोखेतबाट बीउउत्पादनगरिनेखेतसम्मको दूरी | १५० | १५० |

ख. खडाबीउबालीमा बेजात बोट, रोगी बोट, र छुट्याउन नसकिने अन्य बालीको अधिकतम् प्रतिशत निम्नानुसार तोकिएको छ ।

| बाली | बेजातको बोट प्रतिशत अधिकतम् | | रोगी बोट प्रतिशत अधिकतम् | | छुट्याउन नसकिने अन्य बाली प्रतिशत अधिकतम् | | निषेधित रोग |
|---|---|---|---|---|---|---|---|
| | मूल | प्रमाणित | मूल | प्रमाणित | मूल | प्रमाणित | |
| गहुँ, जौ, र उवा | ०.०५ | ०.३० | ०.१० | ०.५० | ०.०५ | ०.१० | कालोपोके |

ग. गहुँ बालीमाजङ्गली मर्निङ्ग्लोरी/हिरणखुरी*(Convolvulus arvensis L.)*, रगतेझार*(Phalasis minor)*लाई निषेधितझार मानिएको छ।

घ. छुट्याउन नसकिने अन्य बालीहरूमा गहुँ बालीका लागि जौ, जै, ट्रिटिकेल तथा जौ बालीका लागि जै, गहुँ, ट्रिटिकेल एवम् जै बालीका लागि गहुँ, जै, र ट्रिटिकेल हुन्।

(४)प्रयोगशाला परीक्षणबाट प्राप्त बीउको गुणस्तरको न्यूनतम् हद निम्नानुसार तोकिएको छ।

| **विवरण** | **बीउको स्तर** | **परीमाण** | |
|---|---|---|---|
| | | **गहुँ** | **जौ र उवा** |
| भौतिक शुद्धता न्यूनतम् (प्रतिशत) | मूल र प्रमाणित | ९८ | ९८ |
| निष्कृय पदार्थ अधिकतम् (प्रतिशत) | मूल र प्रमाणित | २ | २ |
| अन्य बालीको बीउ अधिकतम् | मूल | १० | १० |
| (दाना प्रति केजीमा) | प्रमाणित | २० | २० |
| निषेधित झारपातको बीउ अधिकतम् | मूल | २ | १० |
| (दाना प्रति केजीमा) | प्रमाणित | ५ | २० |
| पहिचान गर्न सकिने सोही बालीको अन्य जातको बीउ अधिकतम् | मूल | १० | १० |
| (दाना प्रति केजीमा) | प्रमाणित | २० | २० |
| उम्रनेशक्ति न्यूनतम् (प्रतिशत) | मूल र प्रमाणित | ८५ | ८५ |
| चिस्यान अधिकतम् (प्रतिशत) - साधारण भाँडोमा राख्दा | मूल र प्रमाणित | १२ | १२ |
| - चिस्यान नछिर्ने भाँडोमा राख्दा | मूल र प्रमाणित | ८ | ८ |

| | | | |
|---|---|---|---|
| भौतिक शुद्धता न्यूनतम् (प्रतिशत) | उन्नत | ९७ | ९७ |
| उम्रनेशक्ति न्यूनतम् (प्रतिशत) | उन्नत | ८० | ८५ |

**२८. कोदोः** (१)स्वेच्छिकबोटबिरुवानआउनेजग्गाछनौटगर्नु पर्छ।

(२) खेत निरीक्षण कम्तिमा दुई पटक गर्नु पर्छ।

क. पहिलोनिरीक्षणबालानिस्कीसकेपछिगर्नु पर्छ।

ख. दोस्रोनिरीक्षणबालीपाकी सकेपछि, तरकाटनु अघिगर्नु पर्छ।

(३) खेतमा खडा बालीको न्यूनतम्स्तर देहाय बमोजिम हुनु पर्छ :-

क. कोदो बालीको लागि पृथकता दूरी निम्नानुसार हुनु पर्नेछ।

| **विवरण** | **न्यूनतम्दूरीमिटरमा** | |
|---|---|---|
| | **मूल** | **प्रमाणित** |
| बीउउत्पादनगरिनेखेतदेखि अर्कोजात, वाजातीयशुद्धता नभएको उही जात लगाएकोअर्को खेतसम्मको दूरी | ५ | ५ |

ख. खडाबीउबालीमा बेजात बोटको अधिकतम् प्रतिशत निम्नानुसार तोकिएको छ।

| बाली | बेजातको बोट प्रतिशत अधिकतम् | |
|---|---|---|
| | मूल | प्रमाणित |
| कोदो | ०.१० | ०.२० |

(४) प्रयोगशाला परीक्षणबाट प्राप्त बीउको गुणस्तरको न्यूनतम् हद निम्नानुसार तोकिएको छ।

| **विवरण** | **बीउको स्तर** | **परीमाण** |
|---|---|---|
| भौतिक शुद्धता न्यूनतम् (प्रतिशत) | मूल र प्रमाणित | ९७ |
| निष्कृय पदार्थ अधिकतम् (प्रतिशत) | मूल र प्रमाणित | ३ |
| अन्य बालीको बीउ अधिकतम् | मूल | १० |
| (दाना प्रति केजीमा) | प्रमाणित | २० |
| झारपातको बीउ अधिकतम् | मूल | १० |
| (दाना प्रति केजीमा) | प्रमाणित | २० |
| उम्रनेशक्ति न्यूनतम् (प्रतिशत) | मूल र प्रमाणित | ७५ |
| चिस्यान अधिकतम् (प्रतिशत) - साधारण भाँडोमा राख्दा | मूल र प्रमाणित | ११ |

| | | |
|---|---|---|
| - चिस्यान नछिर्ने भाँडोमा राख्दा | मूल र प्रमाणित | ८ |

| | | |
|---|---|---|
| भौतिक शुद्धता न्यूनतम् (प्रतिशत) | उन्नत | ९६ |
| उम्रनेशक्ति न्यूनतम् (प्रतिशत) | उन्नत | ७० |

२९. **मकैः** (१)स्वेच्छिकबोटबिरुवानआउनेजग्गाछनौटगर्नु पर्छ।

(२) खेत निरीक्षण कम्तिमा दुईपटक गर्नु पर्छ ।

क. पहिलोनिरीक्षणधानचमरा आउनु अघिगर्नु पर्छ।

ख. दोस्रोनिरीक्षणधानचमरा पूर्णरुपले निस्की सकेपछि गर्नु पर्छ ।

(३) खेतमा खडा बालीकोन्युनतम्स्तर देहाय बमोजिम हुनु पर्छ :-

क. मकै बालीको बीउ उत्पादनमा निम्नानुसारकोपृथकता दूरी कायम गर्नु पर्नेछ ।

| विवरण | न्यूनतम्दूरीमिटरमा | |
|---|---|---|
| | मूल | प्रमाणित |
| बीउउत्पादनगरिनेखेतदेखि अर्कोजातलगाएकोखेतसम्मवा जातीयशुद्धतानभएको उही जातलगाएकोखेतसम्मको दूरी | ३०० | २०० |

ख. मकैकोदुईजातको बिचमा बीउ रोप्ने अन्तरकम्तिमा१५दिन कायम गरिएको खण्डमा पृथकता दूरीकायम भएकोमान्नसकिनेछ,तर दुईजातको फूल फुल्ने समय एउटै पर्नु हुँदैन ।

ग. खडाबीउबालीमा बेजात बोटको अधिकतम् प्रतिशत निम्नानुसार तोकिएको छ ।

| विवरण | बेजातको बोट प्रतिशत अधिकतम् | |
|---|---|---|
| | मूल | प्रमाणित |
| बीउ मकै लगाइएको खेतमा पाँच प्रतिशत वा सोभन्दा बढी बिरुवाको जुँगा परागकण लिन सक्ने अवस्थामा पुगेको बखत सोही खेतमा परागकण छोडी राखेको अर्कै जातको मकै प्रतिशत अधिकतम् | १ | २ |

घ. भाँचेर, नङ्याएर राखिएका मकैका घोगाको खलो वा भण्डारमा निरीक्षण गर्नुपर्छ; यस्तो निरीक्षणमा अन्यजातको घोगा वा उहि जातको अन्य रङको दानाभएको मकै घोगा एक प्रतिशतभन्दा बढी पाइनु हुँदैन र पाइए जति घोगा हटाउनु पर्छ ।

(४)प्रयोगशाला परीक्षणबाट प्राप्त बीउको गुणस्तरको न्यूनतम् हद निम्नानुसार तोकिएको छ ।

| **विवरण** | **बीउको स्तर** | **परीमाण** |
|---|---|---|
| भौतिक शुद्धता न्यूनतम् (प्रतिशत) | मूल र प्रमाणित | ९८ |
| निष्कृय पदार्थ अधिकतम् (प्रतिशत) | मूल र प्रमाणित | २ |
| अन्य बालीको बीउ अधिकतम् | मूल | ५ |
| (दाना प्रति केजीमा) | प्रमाणित | १० |
| पहिचान गर्न सकिने सोही बालीको अन्य जातको बीउ अधिकतम् | मूल | १० |
| (दाना प्रति केजीमा) | प्रमाणित | २० |
| उम्रनेशक्ति न्यूनतम् (प्रतिशत) | मूल र प्रमाणित | ८५ |
| चिस्यान अधिकतम् (प्रतिशत) - साधारण भाँडोमा राख्दा | मूल र प्रमाणित | १२ |
| - चिस्यान नछिर्ने भाँडोमा राख्दा | मूल र प्रमाणित | ८ |
| झारपातको बीउ (अधिकतम) | मूल र प्रमाणित | ० |
| भौतिक शुद्धता न्यूनतम् (प्रतिशत) | उन्नत | ९७ |
| उम्रनेशक्ति न्यूनतम् (प्रतिशत) | उन्नत | ८५ |

**दाल बाली**

**३०. मुसुरो,चना,मास, मुङ्ग, र बोडीः** (१)स्वेच्छिकबोटबिरुवानआउनेजग्गाछनौटगर्नु पर्छ।

(२) खेत निरीक्षण कम्तिमा दुई पटक गर्नु पर्छ ।

क. पहिलोनिरीक्षणफूल फुल्ने बेलामावाफूलफुल्नुअघिगर्नु पर्छ।

ख. दोस्रोनिरीक्षणकोशालागेदेखिकोशापाक्नेसमयसम्ममा गर्नु पर्छ ।

(३) खेतमा खडा बालीकोन्युनतम्स्तर देहाय बमोजिम हुनु पर्छ :-

क. माथि उल्लिखित बालीहरूको बीउ उत्पादनमा निम्नानुसारकोपृथकता दूरी कायम गर्नु पर्छ ।

| **विवरण** | **न्युनतम्दूरीमिटरमा** | |
|---|---|---|
| | **मूल** | **प्रमाणित** |
| बीउउत्पादनगरिनेखेतदेखि अर्कोजात, वाजातीयशुद्धता नभएको उही जात लगाएकोअर्को खेतसम्मको दूरी | १० | ५ |

ख. खडाबीउबालीमा बेजात बोट र रोगी बोटको अधिकतम् प्रतिशत निम्नानुसार तोकिएको छ ।

| बाली | बेजातको बोट प्रतिशत अधिकतम् | | रोगी बोट प्रतिशत अधिकतम् | | निषेधित रोग |
|---|---|---|---|---|---|
| | मूल | प्रमाणित | मूल | प्रमाणित | |
| मुसुरो | ०.१० | ०.२० | - | - | - |
| चना | ०.१० | ०.२० | ०.१० | ०.५० | फ्युजारीयम विल्ट |
| मास | ०.१० | ०.२० | - | - | - |
| मुङ्ग | ०.१० | ०.२० | - | - | - |
| बोडी | ०.१० | ०.२० | ०.१० | ०.२०/ ०.५० | बीन कमनमोजाइकभाईरस/एन्थ्राकनोज |

(४) प्रयोगशाला परीक्षणबाट प्राप्त बीउको गुणस्तरको न्यूनतम् हद निम्नानुसार तोकिएको छ ।

| **विवरण** | **बीउको स्तर** | **परीमाण** | | | |
|---|---|---|---|---|---|
| | | मुसुरो | चना | मास | मुङ र बोडी |
| भौतिक शुद्धता न्यूनतम् (प्रतिशत) | मूल र प्रमाणित | ९८ | ९८ | ९८ | ९८ |
| निष्कृय पदार्थ अधिकतम् (प्रतिशत) | मूल र प्रमाणित | २ | २ | २ | २ |
| अन्य बालीको बीउ अधिकतम् | मूल | ५ | ५ | ५ | ० |
| (दाना प्रति केजीमा) | प्रमाणित | १० | १० | ५ | १० |
| निषेधित झारपातको बीउ अधिकतम् | मूल | ५ | ० | ५ | ० |
| (दाना प्रति केजीमा) | प्रमाणित | १० | ० | १० | १० |
| पहिचान गर्न सकिने सोही बालीको अन्य जातको बीउ अधिकतम् | मूल | १० | ५ | १० | ५ |
| (दाना प्रति केजीमा) | प्रमाणित | २० | १० | २० | १० |
| उम्रनेशक्ति न्यूनतम् (प्रतिशत) | मूल र प्रमाणित | ७५ | ७५ | ७५ | ७५ |
| चिस्यान अधिकतम् (प्रतिशत) - साधारण भाँडोमा राख्दा | मूल र प्रमाणित | ९ | ९ | ९ | ९ |
| - चिस्यान नछिर्ने भाँडोमा राख्दा | मूल र प्रमाणित | ८ | ८ | ८ | ८ |

| | | | | | |
|---|---|---|---|---|---|
| भौतिक शुद्धता न्यूनतम् (प्रतिशत) | उन्नत | ९८ | ९७ | ९७ | ९७ |
| उम्रनेशक्ति न्यूनतम् (प्रतिशत) | उन्नत | ७५ | ७५ | ७० | ७० |

(५) चनामा मर्निङ्ग्लोरी/हिरणखुरी*(Convolvulus arvensis L.)*र मुसुरोमा कुटिलकोशा*(Vicia spp.)*लाई निषेधितझार मानिएको छ ।

**३१. रहरः**(१)स्वेच्छिकबोटबिरुवानआउनेजग्गाछनौटगर्नु पर्छ।

(२) खेत निरीक्षण कम्तिमा दुई पटक गर्नु पर्छ ।

क. पहिलोनिरीक्षणफूल फुल्ने बेलामावाफूलफुल्नुअघिगर्नु पर्छ।

ख. दोस्रोनिरीक्षणकोशालागेदेखिकोशापाक्नेसमय सम्ममा गर्नु पर्छ ।

(३) खेतमा खडा बालीकोन्युनतम्स्तर देहाय बमोजिम हुनु पर्छ :-

क. रहरको बीउ उत्पादनमा निम्नानुसारकोपृथकता दूरी कायम गर्नु पर्छ ।

| **विवरण** | **न्युनतम् दूरी मिटरमा** | |
|---|---|---|
| | **मूल** | **प्रमाणित** |
| बीउउत्पादनगरिनेखेतदेखि अर्कोजात, वाजातीयशुद्धता नभएको उही जात लगाएकोअर्को खेतसम्मको दूरी | २०० | १०० |

ख. खडाबीउबालीमा बेजात बोटको अधिकतम् प्रतिशत निम्नानुसार तोकिएको छ ।

| बाली | बेजातको बोट प्रतिशत अधिकतम् | |
|---|---|---|
| | मूल | प्रमाणित |
| रहर | ०.१० | ०.२० |

(४) प्रयोगशाला परीक्षणबाट प्राप्त बीउको गुणस्तरको न्यूनतम् हद निम्नानुसार तोकिएको छ ।

| **विवरण** | **बीउको स्तर** | **परीमाण** |
|---|---|---|
| भौतिक शुद्धता न्यूनतम् (प्रतिशत) | मूल र प्रमाणित | ९८ |
| निष्कृय पदार्थ अधिकतम् (प्रतिशत) | मूल र प्रमाणित | २ |
| अन्य बालीको बीउ अधिकतम् (दाना प्रति केजीमा) | मूल | ० |
| | प्रमाणित | ५ |
| पहिचान गर्न सकिने सोही बालीको अन्य जातको बीउ अधिकतम् (दाना प्रति केजीमा) | मूल | ५ |
| | प्रमाणित | १० |
| उम्रनेशक्ति न्यूनतम् (प्रतिशत) | मूल र प्रमाणित | ७५ |
| चिस्यान अधिकतम् (प्रतिशत) - साधारण भाँडोमा राख्दा | मूल र प्रमाणित | ९ |
| - चिस्यान नछिर्ने भाँडोमा राख्दा | मूल र प्रमाणित | ८ |

| | | |
|---|---|---|
| भौतिक शुद्धता न्यूनतम् (प्रतिशत) | उन्नत | ९७ |
| उम्रनेशक्ति न्यूनतम् (प्रतिशत) | उन्नत | ७० |

**<u>तेल बाली</u>**

**३२. <u>तोरी,रायो, सर्स्यूं, बदाम, भटमास, तील, र झुसे तील</u>:**(१) स्वेच्छिकबोटबिरुवानआउनेजग्गाकोछनोटगर्नुपर्छ।

(२) खेत निरीक्षण कम्तिमा दुईपटक गर्नुपर्छ ।

क. पहिलो निरीक्षण फूल फुल्ने बेलामा वा फूलफुल्नुअघिगर्नु पर्छ ।

ख. दोस्रो निरीक्षण कोशा लागेदेखि कोशा पाक्ने समयसम्ममागर्नु पर्छ।

(३) खेतमा खडा बालीकोन्युनतम्स्तर देहाय बमोजिम हुनु पर्छ :-

क. माथि उल्लिखित बालीहरूको बीउ उत्पादनमा निम्नानुसारकोपृथकता दूरी कायम गर्नु पर्छ ।

| **विवरण** | **बाली** | **न्युनतम्दूरीमिटरमा** | |
|---|---|---|---|
| | | **मूल** | **प्रमाणित** |
| बीउउत्पादनगरिनेखेतदेखि अर्कोजात, वाजातीयशुद्धता नभएको उही जात, वा जात थाहा नभएको उही बालीलगाएकोअर्को खेतसम्मको दूरी | तोरी | ५० | २५ |
| | रायो (राई) र सर्स्यूं | ३०० | २०० |
| | बदाम | ३ | ३ |
| | भटमास | ३ | ३ |
| | तील | १०० | ५० |
| | झुसे तील | ४०० | २०० |

ख. तोरी, रायो (राई), र सर्स्यूं बालीमा *Eruca sativa*र तल उल्लिखित *Brassicaspp.*संग समेत माथि उल्लिखित पृथकता दूरी कायम गर्नु पर्छ ।

| | |
|---|---|
| *Brassica alba* (L.) Robench | : White Mustard |
| *Brassica chinensis* L. | : Chinese Cabbage (Non-heading) |
| *Brassica compestris* var. *dichomoto* | : Brown Sarson or Kali Sarson |
| *Brassica compestris* var. *sarson* | : Yellow Sarson |
| *Brassica compestris* var. *toria* | : Toria |
| *Brassica juncea* (L.) | : Indian Mustard, Rai or Bangla Sarson |
| *Brassica juncea* var. *rugosa* (Roxb.) | : Broad leaf mustard or Rayo |
| *Brassica juncea* var. *cuneifolia* | : Vegetable Mustard or Rai |
| *Brassica nigra* L. Kock | : Black Mustard or Banarasi Rai |
| *Brassica pekinensis* (Lour.) Rupr | : Chinese Cabbage (Heading) |
| *Brassica rapa*L. | : Turnip |
| *Brassica tournefortii* Gouan | : Wild Rai or Punjabi Rai |

ग. खडाबीउबालीमा बेजात बोट र रोगी बोटको अधिकतम् प्रतिशत निम्नानुसार तोकिएको छ ।

| बाली | बेजातको बोट प्रतिशत अधिकतम् | | रोगी बोट प्रतिशत अधिकतम् | | निषेधित रोग |
|---|---|---|---|---|---|
| | मूल | प्रमाणित | मूल | प्रमाणित | |
| तोरी | ०.१० | ०.५० | ०.२० | ०.५० | अल्टरनेरियालिफस्पट र स्क्लेरोटिनीया |
| रायो (राई) र सर्स्यूं | ०.१० | ०.५० | ०.२० | ०.५० | अल्टरनेरियालिफस्पट र स्क्लेरोटिनीया |
| बदाम | ०.१० | ०.२० | - | - | - |
| भटमास | ०.१० | ०.५० | ०.१० | ०.५० | एन्थ्राकनोज |
| तील | ०.१० | ०.२० | ०.५० | १.०० | लिफस्पट (*Cercospora semi* Zimm.) |
| झुसे तील | ०.०५ | ०.१० | - | - | |

घ. तोरी र रायो (राई)मा सत्यनाशी (*Argemone mexicana* L.)Mexican Prickly Poppyलाईनिषेधित झारपात मानिएको छ र यो झार मूल र प्रमाणित बीउ लगाएको खेतमा क्रमश: ०.०५ र ०.१० प्रतिशतभन्दा बढी हुनु हुँदैन ।

(४) प्रयोगशाला परीक्षणबाट प्राप्त बीउको गुणस्तरको न्यूनतम् हद निम्नानुसार तोकिएको छ ।

| **विवरण** | **बीउको स्तर** | **परीमाण** | | | | |
|---|---|---|---|---|---|---|
| | | तोरी | रायो / सर्स्यूं | बदाम | भटमास | तील/ झुसे तील |
| भौतिक शुद्धता न्यूनतम् (प्रतिशत) | मूल र प्रमाणित | ९७ | ९७ | ९६ | ९८ | ९७ |
| निष्क्रृय पदार्थ अधिकतम् (प्रतिशत) | मूल र प्रमाणित | ३ | ३ | ४ | २ | ३ |
| अन्य बालीको बीउ अधिकतम् (दाना प्रति केजीमा) | मूल | १० | १० | ० | ५ | १० |
| | प्रमाणित | २० | २० | ० | १० | २० |
| निषेधित झारपातको बीउ अधिकतम् (दाना प्रति केजीमा) | मूल | ५ | १० | ० | ५ | १० |
| | प्रमाणित | १० | २० | ० | १० | २० |
| पहिचान गर्न सकिने सोही बालीको अन्य जातको बीउ अधिकतम् (दाना प्रति केजीमा) | मूल | १० | १० | ० | ५ | १० |
| | प्रमाणित | २० | २० | ० | १० | २० |
| उम्रनेशक्ति न्यूनतम् (प्रतिशत) | मूल र प्रमाणित | ८५ | ८५ | ७० | ७५ | ८० |
| चिस्यान अधिकतम् (प्रतिशत) - साधारण भाँडोमा राख्दा | मूल र प्रमाणित | ८ | ८ | ९ | ९ | ९ |
| - चिस्यान नछिर्ने भाँडोमा राख्दा | मूल र प्रमाणित | ७ | ७ | ५ | ८ | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| भौतिक शुद्धता न्यूनतम् (प्रतिशत) | उन्नत | ९७ | ९७ | ९६ | ९७ | ९७ |
| उम्रनेशक्ति न्यूनतम् (प्रतिशत) | उन्नत | ७५ | ७५ | ७० | ७५ | ७५ |

(५) तोरी र रायो (राई) मा स्क्लेरोटिनीया रोग लागेको बीउको संख्या मूल र प्रमाणित बीउमा क्रमश: ०.१ र ०.५ प्रतिशतभन्दा बढी हुनु हुँदैन ।

## नगदे बाली

**३३. सुर्तिः**(१) स्वेच्छिकबोटबिरुवानआउनेजग्गाकोछनोटगर्नु पर्छ।

(२) खेत निरीक्षण कम्तिमा तीनपटक गर्नुपर्छ ।

क. पहिलो निरीक्षण फूलफुल्नुअघिगर्नु पर्छर यसमा पृथकता दूरी, खेतमा स्वेच्छिकबिरुवा भए नभएको, परसेचन हुन सक्ने बालीहरू, बिरुवाको घनत्व, तथा बिरुवा रोप्ने काममा भएका कमी कमजोरीहरूहेर्नु पर्छ ।

ख. दोस्रो निरीक्षण फूल फुल्ने तथा परागसेचन हुने समयमा गर्नु पर्छ ।

ग. तेस्रो निरीक्षण बाली तयार भएर भित्र्याउने कार्य गर्नु अघि बीउको स्वच्छता सम्बन्धी कुराहरूको अवलोकनको लागि गर्नु पर्छ ।

(३) खेतमा खडा बालीकोन्युनतम्स्तर देहाय बमोजिम हुनु पर्छ :-

क. सुर्तिको बीउ उत्पादनमा निम्नानुसारकोपृथकता दूरी कायम गर्नु पर्छ ।

| विवरण | न्यूनतम्दूरीमिटरमा | |
|---|---|---|
| | मूल | प्रमाणित |
| बीउउत्पादनगरिनेखेतदेखि अर्कोजात, वाजातीयशुद्धता नभएको उही जात लगाएकोअर्को खेतसम्मको दूरी | ३ | ३ |

ख. खडाबीउबालीमा बेजात बोटको अधिकतम् प्रतिशत निम्नानुसार तोकिएको छ ।

| बाली | बेजातको बोट प्रतिशत अधिकतम् | |
|---|---|---|
| | मूल | प्रमाणित |
| सुर्ति | ०.१० | ०.२० |

(४) प्रयोगशाला परीक्षणबाट प्राप्त बीउको गुणस्तरको न्यूनतम् हद निम्नानुसार तोकिएको छ ।

| **विवरण** | **बीउको स्तर** | **परीमाण** |
|---|---|---|
| भौतिक शुद्धता न्यूनतम् (प्रतिशत) | मूल र प्रमाणित | ९५ |
| निष्कृय पदार्थ अधिकतम् (प्रतिशत) | मूल र प्रमाणित | ५ |
| उम्रनेशक्ति न्यूनतम् (प्रतिशत) | मूल र प्रमाणित | ७० |
| चिस्यान अधिकतम् (प्रतिशत) - साधारण भाँडोमा राख्दा | मूल र प्रमाणित | - |
| - चिस्यान नछिर्ने भाँडोमा राख्दा | मूल र प्रमाणित | ५ |

| | | |
|---|---|---|
| भौतिक शुद्धता न्यूनतम् (प्रतिशत) | उन्नत | ९५ |
| उम्रनेशक्ति न्यूनतम् (प्रतिशत) | उन्नत | ७० |

**३४. जुटः**(१) स्वेच्छिकबोटबिरुवानआउनेजग्गाकोछनोटगर्नु पर्छ।

(२) खेत निरीक्षण कम्तिमा तीनपटक गर्नुपर्छ ।

क. पहिलो निरीक्षण फूलफुल्नुअघिगर्नु पर्छर यसमा पृथकता दूरी, खेतमा स्वेच्छिकबिरुवा भए नभएको, परसेचन हुन सक्ने बालीहरू, बिरुवाको घनत्व, तथा बिरुवा रोप्ने काममा भएका कमी कमजोरीहरू हेर्नु पर्छ ।

ख. दोस्रो निरीक्षण फूल फूलीकोशालाग्नथालेपछिगर्नु पर्छ ।

ग. तेस्रो निरीक्षण कोशालागेदेखिकोशापाक्नेसमयसम्ममा गर्नु पर्छ ।

(३) खेतमा खडा बालीकोन्युनतम्स्तर देहाय बमोजिम हुनु पर्छ :-

क. जुटको बीउ उत्पादनमा निम्नानुसारकोपृथकता दूरी कायम गर्नु पर्छ ।

| विवरण | न्यूनतम्दूरीमिटरमा |
|---|---|

| | मूल | प्रमाणित |
|---|---|---|
| बीउउत्पादनगरिनेखेतदेखि अर्कोजात, वाजातीयशुद्धता नभएको उही जात लगाएकोअर्को खेतसम्मको दूरी | ५० | २५ |

ख. जुट बालीमा यसका अन्य स्पेसिसबाट पनि कम्तिमा ५ मिटर पृथकता दूरी कायम राख्नुपर्छ ।

ग. खडाबीउबालीमा बेजात बोट र रोगी बोटको अधिकतम् प्रतिशत निम्नानुसार तोकिएको छ ।

| बाली | बेजातको बोट प्रतिशत अधिकतम् | | रोगी बोट प्रतिशत अधिकतम् | | निषेधित रोग |
|---|---|---|---|---|---|
| | मूल | प्रमाणित | मूल | प्रमाणित | |
| जुट | ०.५० | १.०० | १.०० | २.०० | जुट क्लोरोसिस् |

(४) प्रयोगशाला परीक्षणबाट प्राप्त बीउको गुणस्तरको न्यूनतम् हद निम्नानुसार तोकिएको छ ।

| **विवरण** | **बीउको स्तर** | **परीमाण** |
|---|---|---|
| भौतिक शुद्धता न्यूनतम् (प्रतिशत) | मूल र प्रमाणित | ९७ |
| निष्कृय पदार्थ अधिकतम् (प्रतिशत) | मूल र प्रमाणित | ३ |
| अन्य बालीको बीउ अधिकतम् | मूल | ५ |
| (दाना प्रति केजीमा) | प्रमाणित | १० |
| झारपातको बीउ अधिकतम् | मूल | ५ |
| (दाना प्रति केजीमा) | प्रमाणित | १० |
| पहिचान गर्न सकिने सोही बालीको अन्य जातको बीउ अधिकतम् | मूल | ५ |
